आज मिति २०७४ साल श्रावण २४ गते प्रमुख जिल्ला अधिकारी श्री खोमेन्द्र न्यौपाने ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितीमा जिल्ला दैवी प्रकोप उद्धार समिति रसुवाको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती

प्रमुख जिल्ला अधिकारी श्री खोमेन्द्र न्यौपाने अध्यक्ष
नेपाली काग्रेस पार्टी सभापती श्री पेम्बा छिरिङ तामाङ
नेकपा एमाले पार्टी अध्यक्ष श्री करबेल तामाङ
एमाओवादी केन्द्र श्री
नयाँ शक्ति पार्टी श्री
निमित्त स्थानिय विकास अधीकारी श्री कृष्ण वि.क.
प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय डा. मल्ल शर्मा गौतम
प्रमुख, जिल्ला कृषि विकास का. रमेश इमाणाँई
प्रमुख, नेपाल विद्युत प्राधिकरण सौवित व. कोरी
विनोद तामाङ पिन (PIN)
गोविन्द प्रसाद घिमिरे SEEDS, Rasuwa
प्र.वि.स. नं. ति. वि. डि. का. रसुवा. ति.डि. प्र. छिरफोरा
प्रमोद कु. पाँडेत पचि जिपोका
कमलनाथ आचार्य NAF संयोजक रसुवा
प्रेमप्रसाद पौडेल, नेपाल पत्रकार महासंघ, रसुवा उपाध्यक्ष
स्मिता पौडेल जि. वि. जि. अ.
नविन खातिवडा जि. नि. का.
गणेश श्रेष्ठ का.प्र. मालपोत कार्यालय
शिवराज नेउपाने UN-HABITAT NC
प्रतिभा बेलबासे, स.म.वि.नि. महिला तथा बा. कार्यालयबाट
राम कृष्ण श्रेष्ठ खा.पा.ड.स.डि. का.
प्रज्वल के.सी. DSE, DLPIU, NRA, Rasuwa.
जिल्ला हुलाक कार्यालय, रसुवा

सन्तोष कुमार के० सी० ल्याकोस

भास्करराज गौतम, सं०जि०शि०अं०, रसुवा

का.प्र. कृष्णकान्त उपाध्याय, प्र.प्र.प्र. जि.प्र.का. रसुवा

अध्यक्ष छेसाङ तमाङ गोसाइकुण्ड गाउँपालिका

प्र.स.प्र. ज्योतिन्द्र प्रसाई जि.प्र.का. रसुवा

का.अ. दिल्ली राज भट्टराई शा.अ. जि.प्र.का. रसुवा

पत्रकार- अनु आचार्य नया पत्रिका, रसुवा GTV (जनता)

खिमनाथ देवकोटा नागरिक राष्ट्रिय दैनिक

आङ किर्ते तमाङ ED/MANEKOR

सन्तोष निरौला GIZ-M4h — S2HSP

स.ब.अ. राजेन्द्र कुमार श्रेष्ठ, जि.व.का.

चन्द्र भाले, जिल्ला संयोजक → GIZ

देवेन्द्र अमगाई DPC — FPAN/S2FPO2

हेमन्त श्रेष्ठ PC HPL Rasuwa

रञ्जिता कुमारी पौडेल - सिंचाई विकास सब-डिभिजन, रसुवा

मधुसुदन थापा - नेपाल रेडक्रस सोसाइटी रसुवा

दिनेश कुमार तमाङ " " "

नि. प्र. मदनकुमार आलेमगर जि. प्रहरी कार्यालय, रसुवा.

DDRC SO केशव प्रसाद निरौला GIZ, रसुवा

निर्णय पढी पालामा सही गरिएको छ।

१. रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. ४ को पैरेवेशीमा हालै गएको पहिरोमा परि मृत्यु भएका मृतकहरुलाई हार्दिक श्रदाञ्जली व्यक्त गर्दै मृत आत्माको चीर शान्तिको कामना गर्ने र आफन्तजन्य प्रति संवेदना प्रकट गरियो।

२. मृतकहरुको पहिचान गरी निजका नजिकका आफन्तलाई किरिया खर्च वापत रु. १ लाख रुपैया प्रदान गर्ने ।

३. २०७४/०४/२२ गते रसुवा जिल्ला उत्तरगया गाउँपालिका-४ पैरेबेशीमा गएको पहिरो लगायत जिल्लाका विभिन्न स्थानहरुमा बाढी र पहिरोले पुऱ्याएको क्षतिको विवरण स्थानीय प्रहरी कार्यालयसंगको समन्वयमा संकलन गरी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउन गाउँपालिकालाई अनुरोध गर्ने ।

४. जिल्ला कृषि विकास कार्यालयले कृषि उत्पादन र कृषि बालीको क्षति, जिल्ला पशु सेवा कार्यालयले पशुपंक्षिको क्षति र पहिरो प्रभावित पशुपंछिलाई स्थास्थ्य उपचार र जिल्ला स्वास्थ्य कार्यालयले सो स्थानमा आवश्य परामर्श तथा औषधि लगायत स्वास्थ्यकर्मी तुरुन्तै पठाउने ।

५. पहिरोले क्षति पुऱ्याएका स्थानमा सेवा सुचारु गर्न विषयगत कार्यालयहरुलाई अविलम्ब परिचालित भई योजना तयार गरी कार्यान्वयन गर्ने र माथिल्लो निकायसंग समन्वय गर्नुपर्ने कार्यका लागि पत्राचार गरी जिल्ला प्रशासन कार्यालयमा समेत लेखि पठाउने ।

६. राहत वितरण कार्य एकद्धार नीति मार्फत गर्नका लागि. जिल्ला दैविप्रकोप उद्धार समितिलाई जानकारी दिई गाउँपालिका मार्फत जाने ।

७. जिल्लाका प्रायजसो गाउँपालिकाहरुको विभिन्न स्थानमा पहिरो गई विस्थापित हुनेहरुको संख्या वृद्धि भई रहेकोले समन्वयात्मक तवरले परिचालित हुन ईच्छुक संस्थाहरुलाई जिल्ला द्रैविप्रकोप उद्धार समितिको भण्डारण गृहमा राहत सामाग्री उपलब्ध गराउन अनुरोध गर्ने ।

८. मनसुन पूर्व तयारी कार्ययोजना, २०७४ प्रकाशित भएकोले सो को प्रति गृह मन्त्रालय र कार्यान्वयनका लागि गाउँपालिकाहरुमा पठाउने ।

९.पहिरो प्रभावित उत्तरगया गाउँपालिकाबाट निम्न सामाग्रीहरु माग भई आएकोले ईच्छुक संघसंस्थाहरुलाई सहयोगको लागि आग्रह गर्ने

निम्न :

- पाईप २० mm –१५०० मिटर
- लुगा -७० जनालाई
- किताबकलम कपी -बच्चाहरुको लागि
- म्याट्रेश -१५ घरधुरीको लागि
- बेडसिट -१५ घरधुरीको लागि
- सेनिटरीप्याड -१५ घरधुरीको लागि
- झुल -५० घरधुरीको लागि
- पाल्लो बल्याङ्केट -५० घरधुरीको लागि
- चप्पल -१०० जनालाई
- भेटेरिनरी डाक्टरको औषधि सहितको टिम
- ब्रश/मन्जन/साबुन -१०० जनालाई
- छाता -१०० वटा
- टावल -१०० वटा
- सामुहिक भोजनको भाडाँकुडाहरु-५ सेट
- पियुस -१०० वटा
- सोलार वती -५० वटा
- टर्चलाईट -५० वटा
- स्कुल ब्याग -१०० वटा

१०.समारिटान पर्स तथा इयुरेवंल सोलुसन(अक्सफार्म) लगायतका गै.स.स.ले पैरेवेशीमा पूर्ण रुपमा क्षति भएका १४ घरधुरीलाई राहत सामाग्री दिन ईच्छुक देखिएकोले उक्त संस्थाहरुबाट प्राप्त हुने राहत सामाग्री गाउँपालिका मार्फत उपलब्ध गराउन अनुमति दिने।

११.महिला तथा बालबालिका कार्यालयले तत्काल घटनास्थल खटिई पहिरोका कारण विस्थापित महिला बालबालिका र अपांगका आवश्यकता पहिचान गरी योजना तयारी र कार्यान्वयनका लागि समन्वय गर्ने ।

१२.खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यालयले तत्काल स्थलगत अनुगमन गरी आवश्यकता पहिचान गरि सुरक्षित खानेपानी र सरसफाईको अविलम्ब व्यवस्था गर्ने ।

१३.राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट प्राप्त भूगर्भ विदको प्रतिवेदनमा औल्याए बमोजिम रसुवाका विभिन्न स्थानमा Bio-Engineering र वृक्षारोपण लगायतका कार्य गर्न जिल्ला वन कार्यालय, सडक डिभिजन कार्यालय, कृषि विकास कार्यालय, लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, भू-संरक्षण कार्यालयले सो प्रतिवेदनमा उल्लेख गरेका स्थानमा अभिलम्व कार्यक्रम सञ्चालन गर्ने ।

१४.पहिरोका कारण घरवार बिहीन बनेकाहरुलाई मनोसामाजिक परामर्श तथा आवश्यक स्वास्थ्य उपचार उपलब्ध गराउन अविलम्व कार्य गर्न जिल्ला स्वास्थ्य कार्यलाई अनुरोध गर्ने ।

१५.पहिरोमा परि करिब ४० रोपनी खेत र भर्खर घर भित्र्याइएका अन्न समेत नष्ट भएकोले पिडीतलाई लामो समयसम्म खाद्यान्न संकट पर्न सक्ने कुरालाई मध्य नजर गरी सहयोगी संस्थालाई खाद्यान्न सहयोगमा समेत केन्द्रित हुन निर्देशन दिने ।

१६.पूर्ण क्षति भएका १५ घरको साथै थप प्राप्त हुन आउने अन्य घरहरुका हकमा समेत पूनर्निर्माणका लागि भवन डिभिजन कार्यालय मार्फत माथिल्लो निकायमा अनुरोध गरी पठाउन सम्बन्धित गाउँपालिकाहरुले प्रहरी प्रतिवेदन सहित जिल्ला प्रशासन कार्यालयमा विवरण उपलब्ध गराउने ।

१७.अविरल वर्षाको कारण पानीको मुहान नजिकै पहिरो गएको काभ्रेखोलाको कल्भर्ट बगाएर सिंचाई कुलो अवरुद्ध भएको अन्धेरी खोला, खाल्टे खोला, तल्लो पैरे र काभ्रे खोलामा कुलो अवरुद्ध भएकोले सिंचाई विकास सव-डिभिजन कार्यालयले तत्काल प्रविधिक खटाई कुलो मर्मत गर्ने ।

१८.बाढी पहिरो जस्ता प्रकोपबाट जोगिन Bio-Engineering मा केन्द्रित हुन सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

१९.मध्यमाञ्चल क्षेत्रिय प्रशासन कार्यालय, म.वि.क्षे. हेटौडाबाट माग गर्न अनुरोध भए बमोजिमको राहत तथा उद्धारका सामाग्रीहरु जिल्ला प्रशासन कार्यालयद्वारा तयार गरिएको सूची बमोजिम माग गरी पठाउने ।

२०.केरुङ फ्रन्टियर इन्सपेक्सन स्टेसन, केरुङ, चिनले पहिरो पिडितहरुलाई प्रदान गरेको चामल, चिनी,तेल र अन्य खाद्य सामाग्रीको राहत सहयोग ग्रहण गर्ने निर्णय गरियो ।